नेपाल सरकार, अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौँ

वि.सं. २०८३ भदौ १८ गते बिहिबार
September 3, 2026

# Business Recovery Plan

## पहिलो चरण : राहत, कर छुट तथा सहुलियत

नेपाल–चीन सीमाक्षेत्र **भोटेकोशी नदीमा आएको विनाशकारी बाढी** (२०८३ भदौ १०) बाट प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिलाई राहत, कर छुट, सहुलियत तथा सुविधा प्रदान गर्ने सम्बन्धमा

**नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय – मिति २०८३।०५।१८ | कुल १८ राहत व्यवस्था**

### क. कर तथा महसुल छुट
भन्सार विभाग
**३ राहत व्यवस्था**

### ख. कर छुट तथा सहुलियत
आन्तरिक राजस्व विभाग
**६ राहत व्यवस्था**

### ग. ऋण तथा ब्याज सहुलियत
नेपाल राष्ट्र बैंक
**५ राहत व्यवस्था**

### घ. बीमा दाबी तथा क्षतिपूर्ति
नेपाल बीमा प्राधिकरण
**३ राहत व्यवस्था**

### ङ. साझा व्यवस्था
आन्तरिक राजस्व विभाग • नेपाल राष्ट्र बैंक • नेपाल बीमा प्राधिकरण
**१ राहत व्यवस्था**

fmo@mof.gov.np , info@mof.gov.np +977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan - पहिलो चरण

क. कर तथा महसुल छुट | भन्सार विभाग | राहत १ / १८

१ / १८

## व्यावसायिक सवारी तथा ढुवानी साधन पुनः आयातमा सम्पूर्ण महसुल छुट

| | |
|---|---|
| कसलाई | बाढीका कारण मर्मत–सम्भार हुन नसक्ने गरी क्षतिग्रस्त भएका वा बाढीले बगाई हराएका व्यावसायिक प्रयोजनका सवारी तथा ढुवानी साधनका धनी |
| के सुविधा | पुरानो साधनको दर्ता खारेज गरी त्यस्तै किसिमको साधन पुनः आयात गर्दा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट |
| कार्यान्वयन | भन्सार विभाग |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण मर्मत सम्भार हुन नसक्ने गरी क्षतिग्रस्त भएका वा बाढीले बगाई हराएका व्यावसायिक प्रयोजनका सवारी तथा ढुवानीको साधनको दर्ता खारेज गरी त्यस्तै किसिमका सवारी तथा ढुवानीका साधन पुनः आयात गर्न चाहेमा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट प्रदान गर्ने।

# Business Recovery Plan – पहिलो चरण

**क. कर तथा महसुल छुट** भन्सार विभाग

राहत २ / १८

## प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको पैठारीमा सम्पूर्ण महसुल छुट

२ / १८

**कसलाई**
बाढीका कारण प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरण मर्मत–सुधार हुन नसक्ने गरी नष्ट भएका प्राकृतिक व्यक्ति वा निकाय

**के सुविधा**
नष्ट भएकै प्रकृतिका प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरण – नष्ट भएको परिमाणमा नबढ्ने गरी – पैठारी गर्दा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट

**कार्यान्वयन**
भन्सार विभाग

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण कुनै प्राकृतिक व्यक्ति वा निकायको प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरण मर्मतसुधार हुन नसक्ने गरी नष्ट भएको भएमा त्यस्ता प्राकृतिक व्यक्ति वा निकायले नष्ट भएको प्रकृतिका प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरण नष्ट भएको परिमाणमा नबढ्ने गरी पैठारी गरेमा त्यस्ता प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको पैठारीमा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट प्रदान गर्ने।

# Business Recovery Plan – पहिलो चरण

**क. कर तथा महसुल छुट** भन्सार विभाग

राहत ३ / १८

## महसुल तिरिसकेर बाटैमा नष्ट भएका वस्तुको महसुल समायोजन

३ / १८

| | |
|---|---|
| **कसलाई** | भन्सार कार्यालयमा महसुल बुझाइसकेको तर भदौ १० गतेको बाढीका कारण गन्तव्यमा नपुग्दै वस्तु नष्ट भएका पैठारीकर्ता |
| **के सुविधा** | सोही प्रकृतिको वस्तु ६ महिनाभित्र जुनसुकै भन्सार कार्यालयबाट पैठारी गर्दा पहिले तिरेको महसुल बराबरको रकम समायोजन |
| **समयसीमा** | ६ महिनाभित्र |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

कुनै पैठारीकर्ताले भन्सार कार्यालयमा महसुल बुझाई सकेको तर भदौ १० गतेको बाढीको कारण गन्तव्यमा नपुग्दै त्यस्तो वस्तु नष्ट भएकोमा सोही प्रकृतिको वस्तु ६ महिनाभित्र जुनसुकै भन्सार कार्यालयबाट पैठारी गरेमा पहिले तिरेको महसुल बराबरको रकम समायोजन गर्न दिने व्यवस्था गर्ने।

नेपाल सरकार, अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौँ

वि.सं. २०८३ भदौ १८ गते बिहिबार
September 3, 2026

# Business Recovery Plan – पहिलो चरण

ख. कर छुट तथा सहुलियत

आन्तरिक राजस्व विभाग

राहत ४ / १८

## कर विवरण र कर दाखिलाको म्याद २०८३ कार्तिक २५ गतेसम्म थप

४ / १८

| | |
|---|---|
| कसलाई | बाढीका कारण प्रभावित क्षेत्रका करदाता |
| के सुविधा | मूल्य अभिवृद्धि कर ऐन, २०५२; आयकर ऐन, २०५८; अन्तःशुल्क ऐन, २०५८ र आर्थिक ऐन, २०८३ बमोजिम २०८३ भदौ र असोज महिनाभित्र पेश गर्नुपर्ने विवरण तथा सो बमोजिमको कर |
| नयाँ म्याद | २०८३ कार्तिक २५ गते |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण प्रभावित क्षेत्रका करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२; आयकर ऐन, २०५८; अन्तःशुल्क ऐन, २०५८ एवम् आर्थिक ऐन, २०८३ बमोजिम सम्वत् २०८३ भदौ र सम्वत् २०८३ असोज महिना भित्र पेश गर्नु पर्ने विवरण र उक्त विवरण बमोजिमको कर २०८३ कार्तिक २५ गतेसम्म पेश गर्न सक्नेगरी म्याद थप गर्ने।

fmo@mof.gov.np , info@mof.gov.np
+977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan – पहिलो चरण

ख. कर छुट तथा सहुलियत | आन्तरिक राजस्व विभाग | राहत ५ / १८

## क्षतिग्रस्त व्यावसायिक सम्पत्तिको मू.अ.कर दाबी समायोजन सरलीकरण

५ / १८

**कसलाई** बाढीका कारण व्यावसायिक सम्पत्तिमा क्षति व्यहोरेका करदाता

**के सुविधा** क्षति भएको व्यावसायिक सम्पत्तिमा तिरेको मूल्य अभिवृद्धि करको दाबी समायोजन प्रक्रिया सरल र सहज

**कार्यान्वयन** आन्तरिक राजस्व विभाग

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण क्षति भएको व्यावसायिक सम्पत्तिमा तिरेको मूल्य अभिवृद्धि करको दाबी समायोजन प्रक्रियालाई सरलीकृत गर्ने।


fmo@mof.gov.np , info@mof.gov.np +977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan – पहिलो चरण

**ख. कर छुट तथा सहुलियत** आन्तरिक राजस्व विभाग

राहत ६ / १८

६ / १८

## पूर्ण क्षति भएको व्यावसायिक सम्पत्तिको मूल्य एकमुष्ठ खर्चकट्टी

| | |
|---|---|
| **कसलाई** | बाढीका कारण व्यावसायिक सम्पत्ति पूर्ण रूपमा क्षति भएका करदाता |
| **के सुविधा** | पूर्ण क्षति भएको सम्पत्तिको मूल्य कर प्रयोजनका लागि एकैपटक (एकमुष्ठ) खर्चकट्टी गर्न पाइने |
| **कार्यान्वयन** | आन्तरिक राजस्व विभाग |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण पूर्ण रूपमा क्षति भएको व्यावसायिक सम्पत्तिको मूल्यलाई कर प्रयोजनका लागि एकमुष्ठ खर्चकट्टी गर्न सक्ने व्यवस्था मिलाउने।

# Business Recovery Plan - पहिलो चरण

ख. कर छुट तथा सहुलियत

आन्तरिक राजस्व विभाग

राहत ७ / १८

## आंशिक क्षतिग्रस्त सम्पत्तिको मर्मत खर्चमा दफा १६(२) को सीमा नलाग्ने

७ / १८

| | |
|---|---|
| कसलाई | बाढीका कारण ह्रासयोग्य सम्पत्तिमा आंशिक क्षति भएका करदाता |
| के सुविधा | मर्मत तथा सुधार खर्चमा आयकर ऐन, २०५८ को दफा १६ को उपदफा (२) बमोजिमको सीमा लागू नहुने |
| आय वर्ष | २०८३/८४ को करयोग्य आय निर्धारण गर्दा |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण आंशिक क्षति भएका ह्रासयोग्य सम्पत्तिको मर्मत तथा सुधार खर्चमा आय वर्ष २०८३/८४ को करयोग्य आय निर्धारण गर्दा आयकर ऐन, २०५८ को दफा १६ को उपदफा (२) बमोजिमको सीमा नलाग्ने व्यवस्था गर्ने।

fmo@mof.gov.np , info@mof.gov.np
+977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan – पहिलो चरण

ख. कर छुट तथा सहुलियत

आन्तरिक राजस्व विभाग

राहत ८ / १८

## D01 विवरण पेश गर्ने प्रभावित व्यक्तिलाई आय वर्ष २०८२/८३ को आयकर पूर्ण छुट

८ / १८

| | |
|---|---|
| कसलाई | बाढीका कारण प्रत्यक्ष रूपमा प्रभावित, पूर्वानुमानित आय विवरण (D01) पेश गर्ने व्यक्ति |
| के सुविधा | आय वर्ष २०८२/८३ को आयकर पूर्ण रूपमा छुट |
| कार्यान्वयन | आन्तरिक राजस्व विभाग |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण प्रत्यक्ष रूपमा प्रभावित पूर्वानुमानित आय विवरण (D01) पेश गर्ने व्यक्तिलाई आय वर्ष २०८२/८३ को आयकर पूर्ण छुट प्रदान गर्ने।

fmo@mof.gov.np , info@mof.gov.np    +977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan – पहिलो चरण

ख. कर छुट तथा सहुलियत

आन्तरिक राजस्व विभाग



## प्रदेश तथा स्थानीय तहबाट स्थानीय कर र शुल्कमा सहुलियत दिन अनुरोध



| | |
|---|---|
| **कसलाई** | बाढीका कारण प्रत्यक्ष प्रभावित व्यक्ति |
| **के सुविधा** | क्षतिग्रस्त व्यवसाय तथा सम्पत्तिमा निश्चित अवधिका लागि सम्पत्ति कर, व्यवसाय कर, नक्सापास दस्तुर र अन्य स्थानीय शुल्कमा सहुलियत |
| **कार्यान्वयन** | सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण प्रत्यक्ष प्रभावित व्यक्तिलाई सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहलाई क्षतिग्रस्त व्यवसाय तथा सम्पत्तिमा निश्चित अवधिका लागि सम्पत्ति कर, व्यवसाय कर, नक्सापास दस्तुर, अन्य स्थानीय शुल्कमा सहुलियत दिने व्यवस्था मिलाउन अनुरोध गर्ने।

fmo@mof.gov.np , info@mof.gov.np    +977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan – पहिलो चरण

**ग. ऋण तथा ब्याज सहुलियत** नेपाल राष्ट्र बैंक

राहत १० / १८

१० / १८

## रसुवा भन्सारबाट पैठारी वस्तुको क्षतिसँग सम्बन्धित कर्जा पुनरसंरचना / पुनर्तालिकीकरण

| | |
|---|---|
| **कसलाई** | रसुवा भन्सारबाट भित्रिने गरी पैठारी गरिएका वस्तुमा क्षति पुगेका ऋणी |
| **के सुविधा** | ऋणीको अनुरोधमा – व्यवसाय र वस्तुको प्रकृति, क्षति, बीमा दाबी आदिको आधारमा – कर्जा पुनरसंरचना/ पुनर्तालिकीकरण र साँवा-ब्याज भुक्तानी म्याद सार्ने सुविधा |
| **कार्यान्वयन** | नेपाल राष्ट्र बैंक |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

रसुवा भन्सारबाट भित्रिने गरी पैठारी गरिएका वस्तुको क्षति यकिन गरी सोसँग सम्बन्धित कर्जा भुक्तानीका लागि ऋणीको अनुरोधमा व्यवसाय र वस्तुको प्रकृति, क्षति, बीमा दावी आदिको आधारमा कर्जा पुनरसंरचना/पुनर्तालिकीकरण, साँवाब्याजको भुक्तानी म्याद सार्ने सुविधा प्रदान गर्ने।

# Business Recovery Plan - पहिलो चरण

**ग. ऋण तथा ब्याज सहुलियत** नेपाल राष्ट्र बैंक

राहत ११ / १८

**११** / १८

## बाढी प्रभावित ऋणीको बैंक कर्जाको साँवा र ब्याज एकपटक पुनरसंरचना / पुनर्तालिकीकरण

**कसलाई**
बाढीका कारण प्रभावित, बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका ऋणी

**के सुविधा**
साँवा र ब्याज भुक्तानीका लागि एकपटकलाई कर्जा पुनरसंरचना/पुनर्तालिकीकरण तथा साँवा-ब्याज भुक्तानीको म्याद सार्ने सुविधा

**कार्यान्वयन**
नेपाल राष्ट्र बैंक

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीका कारण प्रभावित ऋणीलाई बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको साँवा र ब्याज भुक्तानीको लागि एकपटकलाई कर्जा पुनरसंरचना/पुनर्तालिकीकरण, साँवाब्याजको भुक्तानी म्याद सार्ने सुविधा प्रदान गर्ने।

fmo@mof.gov.np , info@mof.gov.np +977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan – पहिलो चरण

**ग. ऋण तथा ब्याज सहुलियत** नेपाल राष्ट्र बैंक

राहत १२ / १८

१२ / १८

## सवारी, ढुवानी साधन तथा यन्त्र-उपकरण पुनः खरिदका लागि सहुलियत कर्जा

| | |
|---|---|
| **कसलाई** | बाढीबाट व्यावसायिक सवारी, ढुवानी साधन वा यन्त्र-उपकरणमा क्षति व्यहोरेका व्यवसायी |
| **के सुविधा** | क्षति र बीमा भुक्तानी मूल्याङ्कन गरी, व्यावसायिक निरन्तरताका लागि पुनः खरिद गर्दा बैंकको आधारदरमा तोकिएको न्यूनतम प्रिमियम दर मात्र थप गरी कर्जा |
| **थप** | यस्तो कर्जामा तोकिएको ऋण–मूल्य अनुपात (LTV) पुनरावलोकन |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीबाट व्यवसायिक प्रयोजनका सवारी वा ढुवानीका साधन तथा यन्त्र उपकरणमा पुगेको क्षति तथा बीमा भुक्तानी मूल्यांकन गरी व्यवसायिक निरन्तरताको लागि पुनः त्यस्तो सवारी वा ढुवानीका साधन तथा यन्त्र उपकरण खरिद गर्न चाहेमा बैंकको आधारदरमा तोकिएको न्यूनतम प्रिमियम दर थप गरी कर्जा उपलब्ध गराउने र यस्तो कर्जामा तोकिएको ऋणमूल्य अनुपात पुनरावलोकन गर्ने।

# Business Recovery Plan – पहिलो चरण

**ग. ऋण तथा ब्याज सहुलियत** नेपाल राष्ट्र बैंक

राहत १३ / १८

## १ वर्षसम्म आधारदर + ०.५ प्रतिशत बिन्दु को सहुलियत ब्याजदर

१३ / १८

| | |
|---|---|
| **कसलाई** | बाढी प्रभावित सबै प्रकारका ऋणी |
| **के सुविधा** | बैंकको आधारदरमा ०.५ प्रतिशत बिन्दु प्रिमियम थप गर्दा हुने दर वा विद्यमान प्रिमियम थप गर्दा हुने दर – जुन कम हुन्छ सोही ब्याजदर |
| **अवधि** | १ वर्ष |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढी प्रभावित सबै प्रकारका ऋणीलाई कर्जामा १ वर्षको लागि बैंकको आधारदरमा ०.५ प्रतिशत बिन्दुको प्रिमियमदर वा विद्यमान प्रिमियमदर थप गर्दा कायम हुने ब्याजदर मध्ये जुन कम हुन्छ सो ब्याजदर लागू गर्ने।

fmo@mof.gov.np , info@mof.gov.np +977-1-4200537 , +977-1-4211720

नेपाल सरकार, अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौँ

वि.सं. २०८३ भदौ १८ गते बिहिबार
September 3, 2026

# Business Recovery Plan – पहिलो चरण

ग. ऋण तथा ब्याज सहुलियत | नेपाल राष्ट्र बैंक

राहत १४ / १८

## उद्योग-व्यापार पुनरुत्थान र रोजगारी सुरक्षाका लागि थप कर्जा

१४ / १८

**कसलाई** उद्योग वा व्यापार पुनरुत्थान वा रोजगारीको सुरक्षा गर्न चाहने प्रभावित ऋणी

**के सुविधा** ऋणीको अनुरोधमा बैंकले थप कर्जा प्रदान गर्न सक्ने

**विशेष** भुक्तानी सम्बन्धित तेस्रो पक्षको खातामा सोझै हुने गरी

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

उद्योग वा व्यापार पुनरुत्थानका लागि वा रोजगारीको सुरक्षाको लागि ऋणीको अनुरोधमा बैंकले सम्बन्धित तेस्रो पक्षको खातामा सोझै भुक्तानी हुनेगरी ऋणीलाई थप कर्जा प्रदान गर्न सक्ने व्यवस्था मिलाउने।

# Business Recovery Plan – पहिलो चरण

**घ. बीमा दाबी तथा क्षतिपूर्ति** नेपाल बीमा प्राधिकरण

राहत १५ / १८

## बीमा दाबी मूल्याङ्कनका लागि सरलीकृत ढङ्गले सर्भेयर खटाउने

१५ / १८

| | |
|---|---|
| कसलाई | बाढीका कारण भएको क्षतिको बीमा दाबी गर्ने बीमित |
| के सुविधा | क्षतिको मूल्याङ्कन थप प्रभावकारी र छिटो-छरितो बनाउन सरलीकृत ढङ्गले सर्भेयर खटाउने व्यवस्था |
| कार्यान्वयन | नेपाल बीमा प्राधिकरण |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण भएको क्षतिको बीमा दाबीको मूल्याङ्कनलाई थप प्रभावकारी र छिटो छरितो बनाउन सरलीकृत ढङ्गले सर्भेयर खटाउन सक्ने व्यवस्था मिलाउने।

# Business Recovery Plan – पहिलो चरण

**घ. बीमा दाबी तथा क्षतिपूर्ति** नेपाल बीमा प्राधिकरण

राहत १६ / १८

## प्रारम्भिक मूल्याङ्कनकै आधारमा ५०% सम्म अग्रिम दाबी भुक्तानी

१६ / १८

| | |
|---|---|
| कसलाई | बाढीका कारण भएको क्षतिको बीमा दाबी गर्ने बीमित |
| के सुविधा | प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनको आधारमा बीमकले बढीमा ५० प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी |
| पुनर्बीमा | पुनर्बीमकले पनि बीमकलाई बढीमा ५० प्रतिशत अग्रिम दाबी भुक्तानी |

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण भएको क्षतिको बीमा दाबी गर्ने बीमितलाई प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनको आधारमा बीमकले बढीमा पचास प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी उपलब्ध गराउने साथै पुनर्बीमकले समेत बीमकलाई बढीमा पचास प्रतिशत अग्रिम दाबी भुक्तानी उपलब्ध गराउने व्यवस्था मिलाउने।

नेपाल सरकार, अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौँ

वि.सं. २०८३ भदौ १८ गते बिहिबार
September 3, 2026

# Business Recovery Plan – पहिलो चरण

**घ. बीमा दाबी तथा क्षतिपूर्ति** नेपाल बीमा प्राधिकरण

राहत १७ / १८

## संक्षिप्त दाबी भुक्तानी कार्यविधि शीघ्र तर्जुमा र लागू

१७ / १८

**कसलाई** बाढीका कारण भएको क्षतिको बीमा दाबी गर्ने बीमित

**के सुविधा** दाबी भुक्तानी सरल र प्रभावकारी बनाउन बीमकले संक्षिप्त दाबी भुक्तानी कार्यविधि शीघ्र तर्जुमा गरी लागू गर्ने

**कार्यान्वयन** बीमक, नेपाल बीमा प्राधिकरणको निर्देशनमा

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

बाढीको कारण भएको क्षतिको बीमा दाबी भुक्तानी सरल र प्रभावकारी बनाउन बीमकले संक्षिप्त दाबी भुक्तानी कार्यविधि शीघ्र तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाउने।

fmo@mof.gov.np , info@mof.gov.np +977-1-4200537 , +977-1-4211720

# Business Recovery Plan – पहिलो चरण

ङ. साझा व्यवस्था आन्तरिक राजस्व विभाग • नेपाल राष्ट्र बैंक • नेपाल बीमा प्राधिकरण

राहत १८ / १८

## CSR कोषबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा गरेको योगदान CSR खर्चको रूपमा मान्यता

१८ / १८

**कसलाई** संस्थागत सामाजिक उत्तरदायित्व (CSR) कोष स्थापना गरेका निकाय

**के सुविधा** आर्थिक वर्ष २०८३/८४ मा CSR कोषबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा गरेको योगदान रकम समेत CSR वापतको खर्चको रूपमा परिभाषित

**कार्यान्वयन** सम्बन्धित ऐन/नियम/निर्देशिका परिमार्जन – तत् तत् निकायले

**मन्त्रिपरिषद् निर्णयको व्यहोरा**

कुनै निकायले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) बहन गर्ने प्रयोजनको लागि स्थापना गरेको कोषबाट आर्थिक वर्ष २०८३/८४ मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम योगदान गरेमा उक्त योगदान रकम समेतलाई उक्त निकायको संस्थागत सामाजिक उत्तरदायित्व वापत गरिएको खर्चको रूपमा परिभाषित गर्ने गरी सम्बन्धित ऐन/नियम/निर्देशिका परिमार्जन गर्ने व्यवस्था तत् तत् निकायले मिलाउने।

# नेपाल सरकार, अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौँ


वि.सं. २०८३ भदौ १८ गते बिहिबार
September 3, 2026

# Business Recovery Plan – पहिलो चरण

**एक नजरमा : १८ राहत व्यवस्था**

## क. कर तथा महसुल छुट – भन्सार विभाग

- व्यावसायिक सवारी तथा ढुवानी साधन पुनः आयातमा **सम्पूर्ण महसुल छुट**
- प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको पैठारीमा **सम्पूर्ण महसुल छुट**
- महसुल तिरिसकेर बाटैमा नष्ट भएका वस्तुको **महसुल समायोजन**

## ख. कर छुट तथा सहुलियत – आन्तरिक राजस्व विभाग

- कर विवरण र कर दाखिलाको म्याद **२०८३ कार्तिक २५ गतेसम्म** थप
- क्षतिग्रस्त व्यावसायिक सम्पत्तिको **मू.अ.कर दाबी समायोजन** सरलीकरण
- पूर्ण क्षति भएको व्यावसायिक सम्पत्तिको मूल्य **एकमुष्ठ खर्चकट्टी**
- आंशिक क्षतिग्रस्त सम्पत्तिको मर्मत खर्चमा **दफा १६(२) को सीमा नलाग्ने**
- D01 विवरण पेश गर्ने प्रभावित व्यक्तिलाई आय वर्ष २०८२/८३ को **आयकर पूर्ण छुट**
- प्रदेश तथा स्थानीय तहबाट **स्थानीय कर र शुल्कमा सहुलियत** दिन अनुरोध

## ग. ऋण तथा ब्याज सहुलियत – नेपाल राष्ट्र बैंक

- रसुवा भन्सारबाट पैठारी वस्तुको क्षतिसँग सम्बन्धित **कर्जा पुनरसंरचना / पुनर्तालिकीकरण**
- बाढी प्रभावित ऋणीको बैंक कर्जाको साँवा र ब्याज **एकपटक पुनरसंरचना / पुनर्तालिकीकरण**
- सवारी, ढुवानी साधन तथा यन्त्र-उपकरण पुनः खरिदका लागि **सहुलियत कर्जा**
- १ वर्षसम्म **आधारदर + ०.५ प्रतिशत बिन्दु** को सहुलियत ब्याजदर
- उद्योग-व्यापार पुनरुत्थान र रोजगारी सुरक्षाका लागि **थप कर्जा**

## घ. बीमा दाबी तथा क्षतिपूर्ति – नेपाल बीमा प्राधिकरण

- बीमा दाबी मूल्याङ्कनका लागि **सरलीकृत ढङ्गले सर्भेयर खटाउने**
- प्रारम्भिक मूल्याङ्कनकै आधारमा **५०% सम्म अग्रिम दाबी भुक्तानी**
- **संक्षिप्त दाबी भुक्तानी कार्यविधि** शीघ्र तर्जुमा र लागू

## ङ. साझा व्यवस्था – आन्तरिक राजस्व विभाग • नेपाल राष्ट्र बैंक • नेपाल बीमा प्राधिकरण

- CSR कोषबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा गरेको योगदान **CSR खर्चको रूपमा मान्यता**


fmo@mof.gov.np , info@mof.gov.np    +977-1-4200537 , +977-1-4211720